परिच्छेद-1


# जापान प्रवेश/बसोबास प्रक्रिया






## 1 बसोबास (जाइऱ्यू) कार्ड

जापानमा बस्ने विदेशी नागरिकको लागि परिचय पत्र स्वरूपको कार्ड हो। वाहकको परिचयात्मक विवरण या जापानमा बस्न पाउने अवधि (पिरियड अफ स्टे अर्थात् बसोबास अवधि), जापानमा गर्न मिल्ने गतिविधि (स्टाटस अर्थात् भिसा अथवा बसोबास योग्यता) आदि लेखिएको हुन्छ।




- 16 वर्ष वा सो भन्दा माथिका व्यक्तिले हरदम आफूसँग लिएर हिँड्नु होला।
- गाउँपालिका/नगरपालिकामा अपनाइने कुनै प्रक्रिया होस् या करार गर्दाको समयमा समेत पेस गर्ने परिचय पत्र स्वरूप काम गर्छ।

### बसोबास (जाइऱ्यू) कार्ड वितरणको दायरामा पर्ने व्यक्ति

3 महिना नाघ्ने गरी जापानमा बसोबास गर्ने विदेशी नागरिकलाई बसोबास (जाइऱ्यू) कार्ड वितरण गरिनेछ। (बसोबास (जाइऱ्यू) कार्डको वितरणको दायरामा पर्ने व्यक्तिलाई "मध्यम वा दीर्घकालीन बसोबासी" भनिन्छ।)

### बसोबास (जाइऱ्यू) कार्ड वितरण नहुने 6 अवस्थाहरू

① बसोबास अवधि "3 महिना" वा सो भन्दा कम भएका व्यक्ति

② भिसा "टेम्पोररि भिजिटर अर्थात् छोटो अवधिको बसाइ" भएका व्यक्ति

③ भिसा "डिप्लोम्याटिक स्टाटस अर्थात् कूटनीतिज्ञ" अथवा "अफिसियल स्टाटस अर्थात् सरकारी पदाधिकारी"

④ भिसा "डेजिक्नेटेड एक्टिभिटिज अर्थात् विशेष गतिविधि" भएर, ताइवान-जापान सम्बन्ध सङ्घका जापानमा रहेको कार्यालय (ताइपे इकोनोमिक एण्ड कल्चरल रिप्रिजेन्टेटिभ अफिस आदि) वा परमानेन्ट जनरल मिसन अफ प्यालिस्टाइन इन जापानका कर्मचारी अथवा तीनका परिवार

⑤ स्पेशल पर्मानेन्ट रेसिडेन्ट अर्थात् विशेष स्थायी बसोबासी

⑥ बसोबास योग्यता नभएका व्यक्ति

## 1-1 बसोबास (जाइऱ्यू) कार्डको वितरण

बसोबास (जाइऱ्यू) कार्ड वितरण गरिने समय, मुख्यतया निम्नानुसार हुन्छ।

① नयाँ अवतरण अनुमति प्राप्त गरेर, नारिता विमानस्थल, हानेदा विमानस्थल, च्यूबु विमानस्थल, खान्साइ विमानस्थल, सिन् चितोसे विमानस्थल, हिरोसिमा विमानस्थल, फुकुओका विमानस्थलबाट जापान प्रवेश गर्दा

➡ विमानस्थलबाट बसोबास (जाइऱ्यू) कार्ड वितरण गरिनेछ।

② **माथि उल्लेख नगरिएको बाहेकको अबस्थामा बिमानस्थल वा पोर्टमा नयाँ अवतरण अनुमति प्राप्त गर्दा**

➡ जापानमा प्रवेश गरे पश्चात्, बसोबास गरेको गाउँपालिका/नगरपालिकामा "बसाँई आएको दर्ता" पेस गर्नुहोला। त्यस पश्चात्, हुलाकबाट आफ्नो घरमा बसोबास (जाइर्‍यू) कार्ड आइपुग्छ।

③ **बसोबास अवधि नवीकरण अनुमति प्राप्त गर्दा**

➡ बसोबास अवधि पूरा हुनु पहिले, क्षेत्रीय अध्यागमन ब्युरो (शाखा ब्युरो/उपशाखा कार्यालय समेत। तल भने नलेखी छोड्याइने।) मा बसोबास अवधि नवीकरणको लागि निवेदन (2-1 हेर्नुहोस्) दिएर, अनुमति पाएको अवस्थामा नयाँ बसोबास (जाइर्‍यू) कार्ड वितरण गरिनेछ।

④ **भिसा परिवर्तन अनुमति पाउँदा**

➡ जापानमा बसोबासको उद्देश्य बदल्न चाहेको बेलामा, क्षेत्रीय अध्यागमन ब्युरोमा भिसा परिवर्तनको निवेदन (2-2 हेर्नुहोस्) दिएर, अनुमति पाएको बखतमा नयाँ बसोबास (जाइर्‍यू) कार्ड वितरण गरिनेछ।

⑤ **भिसा प्राप्तिको अनुमति पाउँदा**

➡ यदि कुनै बच्चा जापानी नागरिकता बिना जापानमा जन्मिएको छ र उसले जन्मेको ६० दिनभन्दा बढी जापानमा बस्न जारी राख्न चाहन्छ भने, जन्म मिति (2-4 हेर्नुहोस्) बाट 30 दिन भित्र क्षेत्रीय अध्यागमन सेवा ब्यूरोमा निवासको स्थिति प्राप्त गर्न आवेदन दिन आवश्यक छ। यदि उसको आवेदन अनुमति दिइयो भने नयाँ निवास कार्ड जारी गरिनेछ।

## 1-2 वासस्थान दर्ता (बसाँई आएको दर्ता)

बसोबास (जाइर्‍यू) कार्ड प्राप्त गरेको व्यक्तिले, बस्ने ठाउँ (वासस्थान/ठेगाना) निर्धारण गरेको दिन देखि 14 दिन भित्रमा, बसोबास गरेको गाउँपालिका/नगरपालिकामा वासस्थान दर्ता (बसाँई आएको दर्ता) गर्नुपर्ने हुन्छ।

पुनश्च, सूचना दर्ता गर्दा बसोबास (जाइर्‍यू) कार्ड (1-1 को ① को अवस्थामा), अथवा, पासपोर्ट (1-1 को ② को अवस्थामा) आवश्यक पर्ने हुनाले, यी मध्ये कुनै एक ल्याउन निश्चित गर्नुहोस्।

परिच्छेद 2; 1 1-1 ठेगाना सुचना हेर्नुहोस्।

## 1-3 बसोबास (जाइर्‍यू) कार्ड हराउँदा

बसोबास (जाइर्‍यू) कार्ड हराएको थाहा भएको 14 दिन भित्रमा, क्षेत्रीय अध्यागमन ब्युरोमा बसोबास (जाइर्‍यू) कार्डको पुनःवितरणको निवेदन गर्ने।

### निवेदन दिँदा आवश्यक पर्ने वस्तु

- पासपोर्ट
- अनुहारको फोटो 1 प्रति (ठाडो 4 से.मि. x चौडा 3 से.मि., 6 महिना भित्रमा खिचेको फोटो, 16 वर्ष भन्दा मुनिका लागि आवश्यक नपर्ने)
- बसोबास (जाइर्‍यू) कार्ड हराएको प्रमाण स्वरूपको कागजात (हराएको दर्ता प्रमाणपत्र, चोरी भएको दर्ता प्रमाणपत्र, अग्नि पीडित प्रमाणपत्र आदि)
- बसोबास (जाइर्‍यू) कार्ड पुनःवितरण फाराम

विस्तृत विवरणको लागि निम्न वेबसाइट हेर्नुहोस्।

https://www.moj.go.jp/isa/applications/procedures/nyuukokukanri10_00010.html

## 1-4 बसोबास (जाइऱ्यू) कार्ड फिर्ता

निम्न अवस्थामा, क्षेत्रीय अध्यागमन ब्युरोमा बसोबास (जाइऱ्यू) कार्ड फिर्ता गर्नुपर्ने हुन्छ।

**रि-ईन्ट्रि रिजर्ब नगरेर जापान बहिर्गमन** (जापानमा गर्ने गतिविधि सक्काएर जापान बहिर्गमन हुँदा)

- जापान बहिर्गमन हुँदा विमानस्थल अथवा समुन्द्री बन्दरगाहका अध्यागमन अधिकारीलाई फिर्ता दिनुहोस्।

- परिवार या सँगै बस्ने व्यक्तिको मृत्यु भएमा
- (स्पेशल) रिइन्ट्रि पर्मिट लिएर जापान बहिर्गमन भई, (स्पेशल) रिइन्ट्रि पर्मिटको बहाल अवधि भित्रमा पुनःजापान प्रवेश नगरेमा
- जापानको राष्ट्रियता लिएमा

निम्न मध्ये कुनै तरिकाले 14 दिन भित्रमा फिर्ता गर्नुहोस्।



- नजिकको क्षेत्रीय अध्यागमन ब्युरोमा लिएर जाने।
- हुलाक मार्फत निम्न ठेगानामा पठाउने।

पठाउने ठेगाना: 〒135-0064 Tokyo-To, Koto-Ku, Aomi 2-7-11,
Tokyo Kowan GodoChosha 9F
Online Inspection Department (अनलाइन निरीक्षण विभाग) Odaiba Branch Office, Tokyo Regional Immigration Services Bureau
(खामको अगाडि पट्टि "**The residence card to be returned**" भनेर लेख्नहोस।)

विस्तृत विवरणको लागि निम्न वेबसाइट हेर्नुहोस्।
https://www.moj.go.jp/isa/applications/procedures/nyuukokukanri10_00020.html

# 2 भिसा सम्बन्धी प्रक्रिया

## 2-1 बसोबास अवधि नवीकरण (बसोबास म्याद लम्ब्याउन चाहँदा)

हाल अनुमति प्राप्त बसोबास अवधि नघाएर लगातार जापानमा बसोबास गर्ने चाहना भएको खण्डमा, क्षेत्रीय अध्यागमन ब्युरोमा बसोबास अवधि नवीकरणको निवेदन दिनुपर्ने हुन्छ।



### निवेदन दिँदा आवश्यक पर्ने वस्तु

- पासपोर्ट
- बसोबास (जाइऱ्यू) कार्ड (प्राप्त गरेको भए)
- अनुहारको फोटो 1 प्रति (ठाडो 4 से.मि. x चौडा 3 से.मि., 6 महिना भित्रमा खिचेको फोटो, 16 वर्ष भन्दा मुनिका लागि आवश्यक नपर्ने)
- बसोबास अवधि नवीकरण अनुमति फाराम
  https://www.moj.go.jp/isa/applications/procedures/16-3-1.html
- गर्ने गतिविधि प्रस्ट हुने योजनाका कागजातहरू
  https://www.moj.go.jp/isa/applications/procedures/16-3.html

## 2-2 भिसा परिवर्तन (जापानमा बसोबास गर्ने उद्देश्य परिवर्तन गर्दा)

हाल बसोबास उद्देश्य परिवर्तन गरेर जापानमा बस्न चाहेमा, क्षेत्रीय अध्यागमन ब्युरोमा भिसा परिवर्तनको निवेदन दिनुपर्ने हुन्छ।



### निवेदन दिँदा आवश्यक पर्ने वस्तु

- पासपोर्ट
- बसोबास (जाइऱ्यू) कार्ड (प्राप्त गरेको भए)
- अनुहारको फोटो 1 प्रति (ठाडो 4 से.मि. x चौडा 3 से.मि., 6 महिना भित्रमा खिचेको फोटो,
- 16 वर्ष भन्दा मुनिका लागि आवश्यक नपर्ने)
- भिसा परिवर्तन अनुमति फाराम
  https://www.moj.go.jp/isa/applications/procedures/16-2-1.html
- गर्ने गतिविधि प्रस्ट हुने योजनाका कागजातहरू.
  https://www.moj.go.jp/isa/applications/procedures/16-2.html

○निवास स्थिति द्वारा खोजी○
https://www.moj.go.jp/isa/applications/status/index.html

## 2-3 स्थायी बसोबास (पर्मानेन्ट रेसिडेन्ट) अनुमति

जापानमा स्थायी बसोबास गर्न चाहने व्यक्तिले, स्थायी बसोबास अनुमति निवेदन दिनुपर्ने हुन्छ। स्थायी बसोबास गर्न अनुमति दिइएको अवस्थामा, तपाईं जापानमा कुनै पनि गतिविधिमा संलग्न हुन सक्नुहुन्छ र जबसम्म तपाईं चाहनुहुन्छ जापानमा रहन सक्नुहुन्छ। यसबाहेक, तपाईंले आफ्नो बसाइको अवधि बढाउन वा आफ्नो निवासको स्थिति परिवर्तन गर्न प्रक्रियाहरू पूरा गर्नुपर्दैन।

### निवेदन दिँदा आवश्यक पर्ने वस्तु

- पासपोर्ट
- बसोबास (जाइर्‍यू) कार्ड
- अनुहारको फोटो 1 प्रति (ठाडो 4 से.मि. x चौडा 3 से.मि., 6 महिना भित्रमा खिचेको फोटो, 16 वर्ष भन्दा मुनिका लागि आवश्यक नपर्ने)
- स्थायी बसोबास अनुमति फाराम
- अन्य आवश्यक पर्ने कागजपत्रहरू

विस्तृत विवरणको लागि निम्न वेबसाइट हेर्नुहोस्।
https://www.moj.go.jp/isa/applications/procedures/16-4.html

## 2-4 भिसा प्राप्ति (बालबच्चा जन्मेको बखतमा)

जापानमा जन्मेका बालबच्चाले जापानको राष्ट्रियता नलिने बखतमा, जन्म पश्चात् 60 दिन नघाएर निरन्तर जापानमा रहन चाहेको अवस्थामा, जन्मेको 30 दिन भित्रमा, क्षेत्रीय अध्यागमन ब्युरोबाट भिसा प्राप्तिको निवेदन दिनुपर्ने हुन्छ।

* तल वर्णन गरिने "जन्म दर्ता पत्रका तथ्य उल्लेखित प्रमाणपत्र" जस्ता कागजपत्र आवश्यक पर्ने हुनाले, पहिला गाउँपालिका/नगरपालिकामा जन्म दर्ताको प्रक्रिया सिध्याएर, क्षेत्रीय अध्यागमन ब्युरोमा गरिने प्रक्रिया अघि बढाउनुहोस्।

परिच्छेद 4; 2 2-1 जन्म दर्ता हेर्नुहोस्।

### निवेदन दिँदा आवश्यक पर्ने वस्तु

- पासपोर्ट (प्राप्त गरेको भए)
- भिसा प्राप्त गर्ने अनुमतिको फाराम
- जन्म दर्ता पत्रका तथ्य उल्लेखित प्रमाणपत्र (गाउँपालिका/नगरपालिकाबाट प्राप्त गर्न सकिन्छ।) जस्ता जन्मेको प्रमाणित हुने लिखत
- योजना रहेको गतिविधिको विषयवस्तु प्रस्ट हुने कागजात
  https://www.moj.go.jp/isa/applications/procedures/16-10.html
- बसोबास पत्र(ज्युमिन ह्योउ)को प्रतिलिपि अथवा बसोबास तथ्य उल्लेखित प्रमाणपत्र (ज्युमिन्-ह्योउ किसाइ जिकोउ स्योउमेइ-स्यो) (गाउँपालिका/नगरपालिकाबाट प्राप्त गर्न सकिन्छ।)

## 2-5 भिसा योग्यता बाहिरको गतिविधि गर्ने अनुमति (सिखाकु-गाइ खाचुदोउ क्योखा)

काम गर्न नमिल्ने भिसा (प्रवास अध्ययन, पारिवारिक बसाइ आदि) या काम गर्ने परिधि निर्धारित भिसाको परिधि भन्दा बाहिरको कार्य गरेर आय आर्जन अथवा पारिश्रमिक लिने अवस्थामा, क्षेत्रीय अध्यागमन ब्युरोमा निवेदन दिएर भिसा योग्यता बाहिरको गतिविधि गर्ने अनुमति (सिखाकु-गाइ खाचुदोउ क्योखा) प्राप्त गर्नुपर्ने हुन्छ (आफ्नो भिसाले कति सम्म काम गर्न मिल्छ भनेर, परिच्छेद 3; 1 1-1 बसोबास योग्यता (भिसा) बाट निश्चय गर्नुहोस्।)।

### निवेदन दिँदा आवश्यक पर्ने वस्तु

- पासपोर्ट
- बसोबास (जाइर्‍यू) कार्ड
- भिसा योग्यता बाहिरको गतिविधि गर्ने अनुमति, निवेदन फाराम (सिखाकु-गाइ खाचुदोउ क्योखा सिन्सेइ-स्यो)
- आय आर्जन अथवा पारिश्रमिक लिने गतिविधि प्रस्ट हुने कागजात






विस्तृत विवरणको लागि निम्न वेबसाइट हेर्नुहोस्।

https://www.moj.go.jp/isa/applications/procedures/16-8.html

## 2-6 क्षेत्रीय अध्यागमन ब्युरोमा सूचना दर्ता

बसोबास (जाइर्‍यू) कार्ड भएका व्यक्ति मध्ये, निम्न लिखित भिसा भएका व्यक्तिले, आबद्ध निकाय आदि फेरबदल भएको अवस्थामा, क्षेत्रीय अध्यागमन ब्युरोमा उक्त सूचना दर्ता गर्नुपर्ने हुन्छ।

### (1) गतिविधि गर्ने निकाय सम्बन्धी सूचना दर्ता

| | |
|---|---|
| दायरामा पर्ने भिसा | प्रोफेसर, उच्च दक्ष विशेषज्ञ नं 1 ग, उच्च दक्ष विशेषज्ञ नं 2 (नं. 2 ग मा लेखिएको गतिविधिमा संलग्न हुँदा), प्रशासनिक वा व्यवस्थापकीय कार्य, कानुनी वा लेखा सम्बन्धी कार्य, चिकित्सा, शिक्षा, कम्पनी भित्र हुने सरुवा, प्राविधिक प्रशिक्षण, प्रवास अध्ययन, तालिम |
| जानकारी गराउनु पर्ने कुराहरु | • गतिविधि गरिराखेको निकायको नाम परिवर्तन हुँदा<br>• गतिविधि गरिराखेको निकाय अवस्थित ठेगाना परिवर्तन हुँदा<br>• गतिविधि गरिराखेको निकाय विघटन हुँदा<br>• गतिविधि गरिराखेको निकायबाट छोड्दा<br>• गतिविधि गरिराखेको निकायबाट स्थानान्तरण हुँदा |
| सूचना दर्ता अवधि | 14 दिन भित्रमा सूचना दर्ता गरिसक्नुहोस्। |

विस्तृत विवरणको लागि निम्न वेबसाइट हेर्नुहोस्।

https://www.moj.go.jp/isa/applications/procedures/nyuukokukanri10_00014.html

## (2) अनुबन्धित निकायसँग सम्बन्धित सूचना दर्ता

| | |
|---|---|
| दायरामा पर्ने भिसा | उच्च दक्ष विशेषज्ञ नं 1 क, उच्च दक्ष विशेषज्ञ नं 1 ख, उच्च दक्ष विशेषज्ञ नं 2 (नं 2 क अथवा ख मा लेखिएको गतिविधिमा संलग्न हुँदा), रिसर्च, प्राविधिक/मानविकी/अन्तर्राष्ट्रिय विशेषज्ञ, केयर गिभर, मनोरञ्जक (जापानको सार्वजनिक वा निजी निकायसँगको करारमा आधारित गतिविधिमा सीमित), दक्ष कामदार, विशिष्ट दक्ष कामदार |
| जानकारी गराउनु पर्ने कुराहरु | • अनुबन्धित निकायको नाम परिवर्तन हुँदा<br>• अनुबन्धित निकाय अवस्थित ठेगाना परिवर्तन हुँदा<br>• अनुबन्धित निकाय विघटन हुँदा<br>• अनुबन्धित निकायसँगको करार समाप्त हुँदा<br>• अनुबन्धित निकायसँग नयाँ करारमा अनुबन्धन हुँदा |
| सूचना दर्ता अवधि | 14 दिन भित्रमा सूचना दर्ता गरिसक्नुहोस्। |

विस्तृत विवरणको लागि निम्न वेबसाइट हेर्नुहोस्।

https://www.moj.go.jp/isa/applications/procedures/nyuukokukanri10_00015.html

## (3) पति/पत्नी सम्बन्धी सूचना दर्ता

| | |
|---|---|
| दायरामा पर्ने भिसा | पारिवारिक बसाइ, जापानी नागरिकको पति/पत्नीहरू, स्थायी बसोबासीको पति/पत्नीहरू मध्ये, पति वा पत्नी भनेर पारिवारिक सम्बन्ध रहेको खण्डमा |
| जानकारी गराउनु पर्ने कुराहरु | • पति/पत्नी बिच छोडपत्र<br>• पति/पत्नी बिच मृत्युले बिछोड |
| सूचना दर्ता अवधि | 14 दिन भित्रमा सूचना दर्ता गरिसक्नुहोस्। |

विस्तृत विवरणको लागि निम्न वेबसाइट हेर्नुहोस्।

https://www.moj.go.jp/isa/applications/procedures/nyuukokukanri10_00016.html

यी दर्ता सम्बन्धमा, काउन्टरमा बोकेर ल्याउने अथवा मेल मार्फत पठाउने बाहेक ,इन्टरनेट प्रयोग गरेर विद्तीय सूचना बाट पनि दर्ता गर्न मिल्छ ।

विस्तृत विवरणको लागि निम्न वेबसाइट हेर्नुहोस्।

https://www.moj.go.jp/isa/publications/materials/i-ens_index.html

महत्वपूर्ण बन्दि

### उच्च-दक्ष विदेशी पेसेवरहरूका लागि प्राथमिकता उपचार

जापानको आर्थिक विकास आदिमा योगदान दिन सक्ने भनी अपेक्षा राख्न सकिने उच्च क्षमता भएका या गुण भएका विदेशी नागरिकलाई, जापानमा गर्ने गतिविधिको विषयवस्तु वा बसोबास अवधिमा प्राथमिकताको व्यवहार मिल्नेछ।

गतिविधिका विशेषता अनुसार, "शैक्षिक पृष्ठभूमि", "पेसागत पृष्ठभूमि", "वार्षिक आय" इत्यादिका बुँदा अनुसार पोइन्ट निर्धारण गरिएकोले, क्षेत्रीय अध्यागमन ब्युरोमा निवेदन दिएर, उक्त पोइन्टको योगफल 70 पोइन्ट वा सो भन्दा माथि रहेका "उच्च दक्ष विदेशी कामदार" भन्ने मान्यता पाएका व्यक्तिले, निम्न प्राथमिकताको व्यवहार पाउन सक्नेछन्।

- बिभिन्न अबस्थाहरु कभर गर्ने निवासका गतिविधिहरूमा संलग्न हुन अनुमति
- भिसाको अधिकतम लामो अवधि "5 वर्ष" प्रदान गरिने
- स्थायी बसोबास अनुमति दिँदा, आवश्यक पर्ने सर्त मध्ये, जापानमा बसोबास गरेको इतिहास सम्बन्धित आवश्यक सर्तलाई सहज बनाइने आदि

विस्तृत विवरणको लागि निम्न वेबसाइट हेर्नुहोस्।

https://www.moj.go.jp/isa/publications/materials/newimmiact_3_index.html

"विशेष उच्च-दक्ष पेसाकर्मीहरूका लागि जापान प्रणाली" (J-स्किप) भनिने नयाँ प्रणाली अप्रिल, 2023 मा परिचय गराइएको थियो। आवेदकहरूले विशिष्ट शैक्षिक पृष्ठभूमिका आवश्यकताहरू, व्यावसायिक क्यारियर आवश्यकताहरू पूरा गर्छन्, र विशिष्ट वार्षिक आय भन्दा बढी आम्दानी गर्छन् भने, उनीहरूलाई "विशेष उच्च-दक्ष पेसाकर्मी" को रूपमा मानिन्छ र ती थप प्राथमिकता उपचारका लागि योग्य हुन्छन्। यो माथिको बिन्दमा आधारित उच्च-दक्ष विदेशी व्यावसायिक प्रणालीबाट अलग भएको प्रणाली हो।

विस्तृत विवरणको लागि निम्न वेबसाइट हेर्नुहोस्।

https://www.moj.go.jp/isa/publications/materials/nyuukokukanri01_00009.html

## 3 रिइन्ट्रि पर्मिट (हालको भिसा कायम राख्दै पुनःजापान प्रवेश गर्ने)

जापानबाट बहिर्गमन हुँदा, पुनःजापान प्रवेश प्रणाली उपयोग गरेमा, मान्यता दिइएको म्याद भित्र भए, हालको भिसा/बसोबास अवधिबाट नै पुनःजापान प्रवेश गर्न सकिनेछ।

### (1) स्पेशल रिइन्ट्रि पर्मिट (1 वर्ष भित्रमा जापानमा फर्केर आउने अवस्थामा)

बसोबास (जाइर्‍यू) कार्ड र, बहाल अवधि भएको पासपोर्ट भएको व्यक्तिले, जापान बहिर्गमन भएर 1 वर्ष (1 वर्ष भन्दा कम मै बसोबास म्याद सकिने अवस्थामा भने, बसोबास म्याद सम्म) भित्रमा जापान फर्कने हो भने, अग्रिम रूपमा क्षेत्रीय अध्यागमन ब्युरोबाट रिइन्ट्रि पर्मिट लिनु पर्ने आवश्यकता रहने छैन।

### (2) रिइन्ट्रि पर्मिट (1 वर्ष भन्दा लामो समयको लागि जापान छोड्दा)

अग्रिम रूपमामा नजिकको क्षेत्रीय अध्यागमन ब्युरोमा निवेदन दिएर, रिइन्ट्रि पर्मिट प्राप्त गरेमा, हालको भिसा/बसोबास अवधि कायम राख्दै जापान आउजाउ गर्न सकिनेछ (अधिकतम 5 वर्ष। 5 वर्ष भन्दा कम मै बसोबास म्याद सकिने अवस्थामा

भने, बसोबास म्याद सम्म)।

विस्तृत विवरणको लागि निम्न वेबसाइट हेर्नुहोस्।
https://www.moj.go.jp/isa/applications/procedures/16-5.html

# 4 शरणार्थी प्रमाणीकरण प्रक्रिया

जापान शरणार्थीहरूको स्थितिसँग सम्बन्धित महासन्धि र शरणार्थीहरूको स्थितिसँग सम्बन्धित प्रोटोकलको सदस्य भएकोले, हामी यी सन्धिहरू अन्तर्गत परिभाषित गरिएको शरणार्थी स्थितिलाई मान्यता दिन्छौँ र शरणार्थीहरूलाई विभिन्न सुरक्षा प्रदान गर्दछौं।

## 4-1 "शरणार्थी" भन्नाले

शरणार्थी कन्भेन्सन धारा 1 अथवा शरणार्थी प्रोटोकल धारा 1 को प्रावधान अनुसार, शरणार्थी सन्धि लागु हुने शरणार्थीलाई, निम्नानुसार परिभाषित गरिएको छ।

- जाति, धर्म, राष्ट्रियता, विशिष्ट सामाजिक समुहको सदस्य भएको अथवा राजनीतिक विचारधाराका कारणले ज्यानलाई हानि वा खतरा हुने पर्याप्त कारणहरू भएकोले, राष्ट्रियता भएको आफ्नो देश भन्दा बाहिरको देशमा रहेको व्यक्ति, जसले उक्त राष्ट्रियता भएको देशबाट संरक्षण प्राप्त गर्न सक्दैन अथवा चाहँदैन आदी

## 4-2 शरणार्थी प्रमाणीकरण निवेदन सम्बन्धमा

- शरणार्थी प्रमाणीकरण निवेदन भन्नाले, मूल राष्ट्रबाट भागेर आएका शरणार्थी (4-1 हेर्नुहोस्)ले, जापानमा संरक्षण माग गर्नको लागि बनाइएको व्यवस्था हो। यस निवेदन, जापानमा भएका विदेशी नागरिकले दिन सक्नेछन्। शरणार्थी भनेर प्रमाणित विदेशी नागरिकलाई, शरणार्थी प्रमाणीकरण प्रमाणपत्र वितरण गरिन्छ र, "लङ्ग-टर्म रेसिडेन्ट" आदि भिसाको अनुमति दिइनेछ।
- शरणार्थी भनेर प्रमाणित विदेशी नागरिकले निवेदन दिएमा उक्त निवेदनमा आधारित रही पासपोर्टको सट्टामा ट्राभल डकुमेन्ट स्वरूपको शरणार्थी भ्रमण प्रमाणपत्र प्राप्त गर्न सकिनेछ।
- शरणार्थी भनेर प्रमाणित विदेशी नागरिक तथा निजका परिवारले, जापानी भाषाको शिक्षा या दैनिक जीवनयापन सम्बन्धी मार्गनिर्देशन, काम गर्ने ठाउँको परिचय जस्ता "लामो समय बसोबास गर्नेको लागि सहायता कार्यक्रम" प्राप्त गर्न सक्नेछन्।

विस्तृत विवरणको लागि निम्न वेबसाइट हेर्नुहोस्।
https://www.moj.go.jp/isa/applications/procedures/nanmin_tetuduki_00001.html

https://www.moj.go.jp/isa/applications/procedures/16-6.html

## 4-3 समीक्षा माग

शरणार्थी भनेर प्रमाणित नभएको कार्यवाहीहरू प्रति अपिल गर्ने हो भने, कानुन मन्त्री प्रति समीक्षाको माग राख्न सकिने छ।

कानुन मन्त्रीले समीक्षा माग प्रति निर्णय गर्दा, कानुन या अन्तर्राष्ट्रिय मामिलाहरू सम्बन्धी ज्ञान भएका शरणार्थी समीक्षा सल्लाहकारको विचार सुनेर गर्नुपर्ने हुन्छ।

विस्तृत विवरणको लागि निम्न वेबसाइट हेर्नुहोस्।

https://www.moj.go.jp/isa/applications/guide/nanmin_tetuduki.html

# 5 देश निकालाका प्रक्रियाहरू

## 5-1 देश निकालाका प्रमुख कारण

- बसोबास अवधि नघाएर जापानमा रहने कार्य (1 दिन मात्रै बिते पनि ओभरस्टे हुन जाने र, देश निकाला प्रक्रियाको दायरामा पर्न जाने हुनाले सावधानी अपनाउनु होला।)
- भिसा योग्यता बाहिरको गतिविधि गर्ने अनुमति (सिखाकु-गाइ खाचुदोउ क्योखा) प्राप्त नगरी, आफ्नो भिसा योग्यता बाहिरको गतिविधिमा संलग्न भएर आय आर्जन अथवा पारिश्रमिक लिने
- कुनै निश्चित फौजदारी दण्ड लागेमा

## 5-2 देश निकाला भएको अवस्थामा

देश निकाला गरेको अवस्थामा, सिद्धान्ततः 5 वर्ष अथवा 10 वर्ष, जापान प्रवेश गर्न नपाइने हुन्छ। साथै, कुनै निश्चित फौजदारी दण्डको कारबाहीमा परेर देश निकाला भएको अवस्थामा, सिद्धान्ततः कहिल्यै जापान प्रवेश गर्न नमिल्ने हुन्छ।

## 5-3 जापान बहिर्गमन आदेश प्रणाली

ओभरस्टे हुँदा निम्न सबै सर्त पुरा गरेको अवस्थामा, बन्धक नबनाई, सरल प्रक्रिया मार्फत जापानबाट बहिर्गमन हुन सक्ने प्रणाली हो।

जापान बहिर्गमन आदेश प्रणाली मार्फत जापान बहिर्गमन भएको अवस्थामा, सिद्धान्ततः 1 वर्ष सम्म जापान प्रवेश गर्न सकिने छैन।

### जापान बहिर्गमन आदेश प्रणालीका आवश्यक सर्तहरू



जापान बहिर्गमन आदेश प्रणाली लागु हुनको लागि, निम्न आवश्यक सर्त पुरा गर्नुपर्ने हुन्छ।

- जापानबाट बहिर्गमन हुने इरादा राखेर आफैँ अध्यागमन कार्यालयमउपस्थित भएको
- ओभरस्टे बाहेकको देश निकाला हुने कारणमा नपरेको
- जापानमा चोरी जस्ता कुनै निश्चित अपराध गरेर, श्रम सहित अथवा श्रम रहित कैद सजाय नपाएको
- विगतमा देश निकाला नभएको
- जापान बहिर्गमन आदेश प्राप्त गरेर बहिर्गमनमा नपरेको
- यथाशक्य चाँडै निश्चित रूपमा जापानबाट बहिर्गमन हुनेछ भन्ने अनुमान गर्न सकिने

## 5-4 बसोबास गर्ने विशेष अनुमति

देश निकाला प्रक्रिया लागु भएपनि, जापानमा गरेको जीवनयापनको इतिहास, परिवारको अवस्था इत्यादि विचार गरेर, कानुन मन्त्रीबाट बसोबास गर्ने विशेष अनुमति पाउन सकिने हुनसक्छ।

# 6 अध्यागमन/बसोबास आदिका प्रक्रिया सम्बन्धमा सोधपुछ गर्ने ठाउँ

### क्षेत्रीय अध्यागमन ब्युरोहरू

| | | | |
|---|---|---|---|
| साप्पोरो अध्यागमन ब्युरो | 〒060-0042 | Hokkaido Sapporo-Shi Chuo-Ku Odori Nishi 12 Chome | TEL: 0570-003-259<br>(IP फ़ोन/बिदेशबाट)<br>TEL: 011-211-5701 |
| सेन्दाइ अध्यागमन ब्युरो | 〒983-0842 | Miyagi-Ken Sendai-Shi Miyagino-Ku Gorin 1-3-20 | TEL: 022-256-6076 |
| टोकियो अध्यागमन ब्युरो | 〒108-8255 | Tokyo-To Minato-Ku Konan 5-5-30 | TEL: 0570-034-259<br>(IP फोन/विदेशबाट:<br>03-5796-7234) |
| टोकियो अध्यागमन ब्युरो योचुया शाखा कार्यालय | 〒160-0004<br>बसोबास दर्ता कार्यालयको स्थिति<br><br>अनलाइन निरीक्षण विभाग<br><br>सुचना ब्यवस्थापन बिभाग | Tokyo-To Shinjuki-Ku Yotsuya1-6-1 Yotsuya Tower 14F<br><br>आवद्ध संस्थाको बारेमा दर्ता/आवद्ध संस्थाद्वारा दर्ता भिसाको अन्लाइन निवेदन प्रकृया जांच दर्ता ब्यवस्थापन | TEL: 0570-011-000<br>(8 No.)<br>(IP फ़ोन/बिदेशबाट:<br>03-5363-3013)<br><br>TEL: 03-5363-3032<br>(प्रमुख लाइन)<br><br>TEL: 03-5363-3030<br><br>TEL: 03-5363-3039 |
| नारिता विमानस्थल शाखा व्युरो | 〒282-0004 | Chiba-Ken Narita-Shi Furugome 1-1 Narita International Airport 2nd Terminal Building 6th Floor<br>(समीक्षा व्यवस्थापन विभाग) | TEL: 0476-34-2222<br>(प्रमुख लाइन) |
| हानेदा विमानस्थल शाखा व्युरो | 〒144-0041 | Tokyo-To Otaku Haneda Airport 2-6-4, Haneda Airport CIQ Building | TEL: 03-5708-3202<br>(प्रमुख लाइन) |
| योकोहामा शाखा व्युरो | 〒236-0002 | Kanagawa-Ken Yokohama-Shi Kanazawa-Ku Torihama-Cho 10-7 | TEL: 0570-045-259<br>(IP फ़ोन/बिदेशबाट:<br>045-769-1729) |
| नागोया अध्यागमन ब्युरो | 〒455-8601 | Aichi-Ken Nagoya-Shi Minato-Ku Shoho-Cho 5-18 | TEL: 0570-052-259<br>(IP फ़ोन/बिदेशबाट)<br>TEL: 052-217-8944) |
| च्यूबु विमानस्थल शाखा व्युरो | 〒479-0881 | Aichi-Ken Takoname-Shi Sentorea 1-1 CIQ Building 3rd Floor | TEL: 0569-38-7410<br>(प्रमुख लाइन) |
| ओसाका अध्यागमन ब्युरो | 〒559-0034 | Osaka-Fu Osaka-Shi Sumioe-Ku Nankou-Kita 1-29-53 | TEL: 06-4703-2100<br>(प्रमुख लाइन) |
| खान्साइ विमानस्थल शाखा व्युरो | 〒549-0011 | Osaka-Fu Sennan-Gun Tajiri-Cho Senshu Kukonaka Ichi-Banchi | TEL: 072-455-1453<br>(प्रमुख लाइन) |
| कोबे शाखा व्युरो | 〒650-0024 | Hyogo-Ken Kobe-Shi Chuo-Ku KaiganDori 29 Banchi | TEL: 078-391-6377<br>(प्रमुख लाइन) |

| | | | |
|---|---|---|---|
| हिरोसिमा अध्यागमन ब्युरो | 〒730-0012 | Hiroshima-Ken Hiroshima-Shi Naka-Ku Kamihatchobori 2-31, Hiroshima Houmu Sogo Chosha-Nai | TEL: 082-221-4411 (प्रमुख लाइन) |
| ताकामाचु अध्यागमन ब्युरो | 〒760-0033 | Kagawa-Ken Takamatsu-Shi Marunouchi 1-1 | TEL: 087-822-5852 (प्रमुख लाइन) |
| ताकामाचु क्षेत्रीय अध्यागमन सेवा ब्युरो हामानोचो शाखा कार्यालय | 〒760-0011 | Kagawa-Ken Takamatsu-shi Hamanocho 72-9 | TEL: 087-822-5851 (प्रमुख लाइन) |
| फुकुओका अध्यागमन ब्युरो | 〒810-0073 | Fukuoka-Ken Fukuoka-Shi Chuo-Ku Maiduru 3-5-25 | TEL: 092-717-5420 (प्रमुख लाइन) |
| नाहा शाखा व्युरो | 〒900-0022 | Okinawa-Ken Naha-Shi Higawa 1-15-15 | TEL: 098-832-4185 (प्रमुख लाइन) |
| पूर्वी जापान अध्यागमन सेन्टर | 〒300-1288 | Ibaragi-Ken Ushiku-Shi Kuno-Cho 1766-1 | TEL: 029-875-1291 (प्रमुख लाइन) |
| ओमुरा अध्यागमन सेन्टर | 〒856-0817 | Nagasaki-Ken Omura-Shi Kogashima-Machi 644-3 | TEL: 0957-52-2121 (प्रमुख लाइन) |

### बिदेशी बसोवास सहयोग केन्द्र

| | | | |
|---|---|---|---|
| बिदेशी बसोवास सहयोग केन्द्र | 〒160-0004 | Tokyo-To Shinjuki-Ku Yotsuya1-6-1 Yotsuya Tower 13F | TEL: 0570-011-000 (IP फ़ोन/बिदेशबाट: 03-5363-3013) |

### इन्फर्मेसन सेन्टर

| | | |
|---|---|---|
| विदेशी बसोबासीको लागि समग्र इन्फर्मेसन सेन्टर | सेन्दाइ अध्यागमन ब्युरो, टोकियो अध्यागमन ब्युरो, यसैको योकोहामा शाखा ब्युरो, नागोया अध्यागमन ब्युरो, ओसाका अध्यागमन ब्युरो, यसैको कोबे शाखा व्युरो, हिरोसिमा अध्यागमन ब्युरो एवम् फुकुओका अध्यागमन ब्युरो | TEL: 0570-013-904 (IP फोन, PHS, विदेशबाट: 03-5796-7112) |
| परामर्श कर्मचारीको व्यवस्था गरिएको ठाउँ | साप्पोरो अध्यागमन ब्युरो, ताकामाचु अध्यागमन ब्युरो एवम् फुकुओका अध्यागमन ब्युरो नाहा शाखा व्युरोमा व्यवस्था गरिएको | |

# 7 अध्यागमन ब्यवस्थापनद्वारा सुचना सम्प्रेषण

## 7-1 अध्यागमन ब्यवस्थापन बिभागको होमपेज

अध्यागमन ब्यवस्थापन बिभागको होमपेजमा भिसा प्रकृयाको बारेमा जानकारी दिईएको छ । जापानी भाषाको अतिरिक्त, हामी 100 भन्दा बढी भाषाहरूमा मेसिनद्वारा अनुवादित जानकारी प्रदान गर्दछौं ।

अध्यागमन ब्यवस्थापन बिभागको होमपेज

https://www.moj.go.jp/isa/index.html

## 7-2 अध्यागमन ब्यवस्थापन बिभागको औपचारिक सामाजिक संजाल आदि

अध्यागमन ब्यवस्थापन बिभागमा बिभिन्न सामाजिक संजालहरु बनाई नयां प्रणालीको जानकारी तथा जापानबासी बिदेशीहरुको जीवनयापनमा उपयोगी सुचनाहरु सम्प्रेषण गरिरहेका छौं ।

अध्यागमन सेवा एजेन्सी X खाता (पहिले ट्विटर)

https://twitter.com/MOJ_IMMI

अध्यागमन व्यवस्थापन बिभागको Facebook एकाउन्ट

https://www.facebook.com/ImmigrationServicesAgency.MOJ/

मेल सम्प्रेषण सेवा

https://www.moj.go.jp/isa/about/pr/mail-service.html

क्षेत्रीय अध्यागमन सेवा ब्यूरो X खाताहरू (पहिले ट्विटर) ले तिनीहरूको सेवा काउन्टरहरू कत्तिको व्यस्त छन् भन्ने जानकारी प्रदान गर्दछ ।

क्षेत्रीय अध्यागमन सेवा ब्यूरो खाताहरू

https://www.moj.go.jp/isa/about/pr/index.html